पत्र संख्या : २०८३/०८४ मितिः २०८३।०६।२५

चलानी नं. :

## बुढीगण्डकी नदीमा आएको बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा विपद् प्रतिकार्य सम्बन्धी सूचना !

मिति २०८३ साल असोज २५ गते बिहान गोरखा जिल्लाको चुमनुब्री गाउँपालिका ६,चुम्लिङ नजिकै उङ्गिलुङ खोलामा आएको पहिरोको कारण स्यारखोला थुनिई फुट्दा बुढीगण्डकी तटीय आसपासका बस्तीहरू प्रभावित भएको घटनाप्रति गाउँपालिका गहिरो दुःख व्यक्त गर्दछ। विपद्बाट प्रभावित नागरिकको सुरक्षा, उद्धार तथा राहतका लागि गाउँपालिकाले सुरक्षा निकाय, जनप्रतिनिधि तथा सरोकारवाला निकायसँग समन्वय गरी आवश्यक प्रतिकार्यका कार्यहरू सञ्चालन गरिरहेको छ ।

यस सम्बन्धमा हालसम्म सम्पन्न राहत तथा उद्धारका कार्यहरू र परिचालित प्रतिकार्य संयन्त्रको विवरण देहायबमोजिम रहेको छ।

१. हालसम्म सम्पन्न राहत तथा उद्धार सम्बन्धी कार्यहरू

- गाउँपालिका अन्तर्गतका घट्टेखोला, पैयुँ र सल्लेरी बस्तीमा विपद्बाट प्रभावित परिवारहरूलाई अस्थायी बसोबासको व्यवस्था गर्न राहतस्वरूप त्रिपाल वितरण गरिएको छ ।
- प्रभावित बस्तीका नागरिकहरूको तत्कालीन आवश्यकतालाई सम्बोधन गर्न राहतस्वरूप खाद्यान्न वितरण गरिएको छ ।
- नेपाली सेनासँगको समन्वयमा ९ जना विदेशी नागरिकसहित जम्मा ९६ जनाको हेलिकप्टरमार्फत उद्धार गरिएको छ।
- प्रभावित क्षेत्रको अवस्था मूल्याङ्कन, जोखिममा रहेका नागरिकको पहिचान, राहतको आवश्यकता निर्धारण तथा थप उद्धार र राहत कार्यलाई प्रभावकारी बनाउन सम्बन्धित निकायहरूसँग समन्वय भइरहेको छ।

२. स्थानीय द्रुत प्रतिकार्य समिति (Rapid Response Committee)

विपद्को अवस्थामा तत्काल निर्णय, उद्धार, राहत वितरण तथा विभिन्न निकायबीच समन्वय गर्न गाउँपालिकाको स्थानीय द्रुत प्रतिकार्य समितिलाई सक्रिय रूपमा परिचालन गरिएको छ।

समितिको विवरण

| क्र सं. | नामथर | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री निमा लामा | अध्यक्ष | ९८४१२०५३८७ | चुमनुब्री गाउँपालिका |
| २ | श्री नारायण प्रसाद सापकोटा | प्रमुख प्रशासकीय अधिकृत | ९८५६००४०४६ | चुमनुब्री गाउँपालिका |
| ३ | श्री सुनिल पनेरु | विपद् व्यवस्थापन शाखा प्रमुख | ९८४९८५०५५३ | |
| ४ | श्री प्रेम गुरुङ | स्वास्थ्य शाखा प्रमुख | ९८४५५४१९८५ | |

.........................................

नारायण प्रसाद सापकोटा

प्रमुख प्रशासकीय अधिकृत

३. विपद् परिचालन टोली (Disaster Mobilization Team)

विपद् प्रभावित क्षेत्रमा स्थलगत अवस्था पहिचान, सूचना संकलन, राहत वितरण, उद्धार समन्वय तथा आवश्यक मानवीय सहायता परिचालनका लागि देहायबमोजिमको विपद् परिचालन टोली परिचालन गरिएको छ ।

| क्र.सं. | नामथर | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री लक्ष्मी गुरुङ | उपाध्यक्ष | ९८४१२०५३८७ | चुमनुब्री गाउँपालिका |
| २ | श्री रामकुमार गुरङ | वडा अध्यक्ष, वडा न ३ सिर्दिबास | ९८४६६३३४८२ | चुमनुब्री गाउँपालिका |
| ३ | श्री ठिन्ले हेम्जो लामा | वडा अध्यक्ष, वडा न ६ चुम्लिङ | ९८६४१६०६७६ | चुमनुब्री गाउँपालिका |
| ४ | श्री बेद प्रसाद ढकाल | सहायक प्रशासकीय अधिकृत | ९८५६००४०४४ | |
| ५ | श्री पवन सुवेदी | सहायक प्रशासकीय अधिकृत | ९८६३३७३५५८ | |
| ६ | श्री लक्ष्मण गुरुङ | रोजगमर संयोजक | ९८६२३८०७३३ | |
| ७ | श्री अशोक उपरकोटी | सूचना अधिकारी | ९८६३७७९७६९ | |

४. सम्बन्धित निकाय तथा नागरिकलाई अनुरोध

- विपद् प्रभावित क्षेत्रमा रहेका नागरिकहरूले स्थानीय प्रशासन, सुरक्षा निकाय तथा गाउँपालिकाबाट जारी हुने आधिकारिक सूचना र निर्देशन पालना गर्नुहुन अनुरोध छ ।
- जोखिमयुक्त खोला, नदी किनार, पहिरो प्रभावित क्षेत्र तथा असुरक्षित स्थानमा अनावश्यक आवतजावत नगर्नुहुन अनुरोध छ ।
- विपद्बाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका कार्यमा सम्बन्धित सरकारी निकाय, सुरक्षा निकाय, स्थानीय समुदाय, सामाजिक संघसंस्था तथा सहयोगी निकायहरूलाई आवश्यक समन्वय र सहकार्य गरिदिनुहुन अनुरोध छ ।
- प्रभावित नागरिकको वास्तविक अवस्था, राहतको आवश्यकता तथा सम्भावित जोखिमसम्बन्धी जानकारी सम्बन्धित वडा कार्यालय वा गाउँपालिकाको आधिकारिक सम्पर्क माध्यममा उपलब्ध गराउनुहुन अनुरोध छ ।

गाउँपालिका विपद्बाट प्रभावित नागरिकको सुरक्षा, राहत, उद्धार तथा आवश्यक सहयोगका लागि प्रतिबद्ध रहेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ। विपद् प्रतिकार्य, राहत तथा पुनस्थापनाका कार्यहरू आवश्यकताअनुसार निरन्तर सञ्चालन गरिने व्यहोरा अनुरोध छ ।

.............................................
नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत